# रंगभेदको अन्त्यपछि

चंकी श्रेष्ठ

आफूमाथि सामूहिक बलात्कार हुँदा एउटी युवतीको प्रतिक्रिया के हुन्छ ? धेरैको अनुमान हुन्छ– कि उसले आत्महत्या गर्छे, कि त असीम प्रतिशोधको भावना साँचिराख्छे ।

यो घटनालाई उसको बाबु जंगली बर्बरताको हद भन्दछ । इतिहासले अपराधी सावित गरेको व्यक्तिलाई त्यसैप्रकारले बन्दी बनाइनुपर्ने जिकिर गर्छ । तर छोरी ? आश्चर्य– छोरी त यो घटनालाई इतिहासले दिएको सामयिक सजाय ठान्छे ।

गोराहरूको सर्वोच्चताको अन्त्यपछि दक्षिण अफ्रिकामा विकसित परिस्थितिको कथा । एउटै घटनालाई दुई भिन्न पुस्ताले कसरी स्वीकार्छन् ? सन् २००३ को नोबेल साहित्य पुरस्कार विजेता जेएम कुट्सीको प्रसिद्ध उपन्यास ‘डिस्ग्रेस’ ले यो प्रश्नलाई निकै सुन्दर तरिकाले सम्बोधन गरेको छ ।

केपटाउन प्रविधि विश्वविद्यालयका प्राध्यापक डेभिड लुरी आफ्नो पेसासँग दिक्क छन् । पहिले साहित्य पढाउँथे, पछि सञ्चार पढाउन थाले । ५२ वर्षीय डेभिड अत्यन्तै सक्रिय यौन जीवन बिताउँछन् । दुईपल्ट बिहे, दुवैपल्ट पारपाचुके ! डेभिड सोराया नामकी गणिका र अन्य युवतीसँग सल्कन्छन् ।

सोरायाले पनि छाडेपछि आफ्नै छात्रा मिल्यानीसँग चक्कर चल्छ । बलात्कारको अभियोग लाग्छ यद्यपि केटी त्यति धेरै प्रतिरोध गर्दिन । उसले जे गर्छे, आफैँलाई सुरक्षा गर्नमात्र गरेकी हुन्छे । आफ्ना ओठ र आँखाहरूको सुरक्षा गर्छे । आफूलाई खाटमा लमतन्न पसारिन दिन्छे । आफ्ना कपडा उतार्न एकप्रकारले सहयोगै गर्छे । पूरै नांगिएपछि जाडोले काँप्न थाल्छे र सिरकभित्र घुस्रिन चाहन्छे । ऊ डेभिडपट्टि ढाड फर्काएर पल्टिदिन्छे ।

डेभिड यसलाई ‘जबर्जस्ती’ मान्न पटक्कै तयार छैनन् । सम्बन्ध केही अनिच्छित भने पक्कै हो, जसमा मिल्यानीको हार्दिक समर्पण छैन– उनी स्वीकार्छन् । त्यसपछि प्राध्यापक सा’पविरुद्ध यौन दुराचारको आरोप लाग्छ । उनलाई माफी माग्न भनिन्छ । ज्यान जाला, उनी माफी माग्दैनन् । बरु सजिलै जागिर छाडेर हिँडिदिन्छन् ।

जर्जटाउननजिकै उजाड गाउँमा छ छोरी लुसीको घर, जहाँ निर्वासित जीवन बिताउन थाल्छन् उनी । छोरी आफ्नो मौजामा कुकुर पाल्छे । अन्न उब्जाउँछे । नजिकै काला जातिको बसोबास छ । त्यहीँबाट पेट्रस हब्सी लुसीकहाँ काम गर्न आउँछ । परिवर्तनशील अफ्रिकामा ऊ घरजग्गा जोड्दैछ ।लुसीको साथी बेभसँग घाइते कुकुरको हेरचाहमा डेभिडको समय बित्न थाल्छ । बेभसँगै सामान्य प्रेम-प्रसंग पनि चल्न थाल्छ ।

डेभिड आफ्नी छोरीलाई असाध्यै माया गर्छन् यद्यपि, उनीहरूबीच कहिल्यै सहज सम्बन्ध गाँसिएन । अलि पुरानो विचारका छन् डेभिड । एकान्तप्रिय । एक्लोपनप्रिय । छोरी अलि अधबेस्री । एक्लोपनप्रिय । समलिंगी । सशस्त्र हब्सीहरूको बस्तीमा निर्धक्क बसेकी ।

यसैबीच लुसीको घरमा आक्रमण हुन्छ । डेभिडलाई आगो लगाएर चर्पीभित्र थुनिन्छ र लुसीमाथि सामूहिक बलात्कार । आक्रमणकारी सशस्त्र हब्सी हुन्छन् । यो दुर्घटनापछि लुसी र बाबुबीच सम्बन्ध आत्मीय बन्छ । लुसी निकै संवेदनशील देखापर्छे । केही कुरामा भने बाबुछोरीबीच अझै ठूलो खाडल रहन्छ । लुसी यो घटनालाई इतिहासले ठीक समयमा दिएको ठीक सजाय ठान्दछे । ‘भत्केको शान्तिबीच शरणको उपाय’– काला जातिप्रति सहानुभूति राख्दै ऊ भन्छे । बाबु भने यसलाई ठूलो गल्तीको इतिहास भन्छन् ।

लुसीको विचारमा यो दुर्घटना जमिनमाथि उनको निरंकुश अधिग्रहणको उचित मूल्य हो । ऊ गर्भवती हुन्छे, तर गर्भपतन गराउन चाहन्न । ऊ बच्चालाई असल मान्छे बनाउन चाहन्छे । तर, त्यत्रो अतिचारलाई डेभिड कसरी सहज रूपमा लिनसक्थे र ! 'इतिहाससामु तिमीले आफूलाई शक्तिहीन उभ्यायौ,' उनी भन्छन् ।

परिवर्तित अफ्रिकामा दुई भिन्न पुस्ताको द्वन्द्वको कथा । के इतिहासबाट भाग्न सकिन्छ ? सन् १९९९ को बुकर पुरस्कारसमेत प्राप्त गरेको 'डिस्ग्रेस' ले यो प्रश्नलाई निकै गम्भीर तवरले उठाएको छ । 'कुट्सीका उपन्यासहरू उच्च कालिगढी, गुणस्तरीय संवादविधान र विश्लेषकीय विलक्षणताले भरिपूर्ण छन्'– नोबेल पुरस्कार घोषणा वक्तव्यमा स्विडिस एकेडेमीले भनेको छ– 'उनका कृतिमा विविधताका निकै सुन्दर रंगहरू भरिएका हुन्छन्, पूर्वकृतिका कुनै पनि विषयवस्तु दोहोरिँदैनन् ।'

बुकर पुरस्कारको ३१ वर्षे इतिहासमा कुट्सी नै यस्ता लेखक हुन् जसले दुईपल्ट यो पुरस्कार हात पारे । यसअघि सन् १९८३ मा 'द लाइफ एन्ड टाइम्स अफ माइकल के' का लागि उनलाई यो पुरस्कार दिइएको थियो । उनका हरेकजसो कृतिले राष्ट्रिय वा अन्तर्राष्ट्रिय पुरस्कार पाएका छन् । सन् १९७७ मा 'इन द हार्ट अफ द कन्ट्री' बाट उपन्यासयात्रा गरेका कुट्सी सन् १९८० मा 'वेटिङ फर द बार्बारियन' बाट विश्वप्रसिद्ध भए । अहिलेसम्म यस कृतिको बाइसौं संस्करण निस्किसकेको छ । फोई, एज अफ आइरन, द मास्टर अफ पिटर्सबर्ग, द लाइभ्स अफ इनिमल, एलिजाबेथ कोस्टेला उनका अन्य कृति हुन् । 'एलिजाबेथ कोस्टेला' यसै शरदमा सार्वजनिक भएको हो जुन प्रसिद्ध अस्ट्रेलियाली लेखिकाको जीवनीमा आधारित छ । ती लेखिका सार्वजनिक जीवनबाट वाक्क हुन्छिन् र दार्शनिक ऐकान्तिकतामा रमाउन थाल्छिन् । 'इन द हार्ट अफ कन्ट्री'मा एउटी उदास युवती इर्ष्यावश एकजोडी प्रेमी-प्रेमिकाको हत्या गर्न चाहन्छे । बिस्तारै ऊ आफ्नै नोकरप्रति आकर्षित हुन्छे । तर, परिस्थिति मान्छेले खोजेजस्तो कहाँ भइदिन्छ र ! 'वेटिङ फर बार्बारियन'ले भने जोसेफ कानराडकै शैलीमा राजनीतिक थ्रील दिन्छ, जसमा एकजना आदर्शवादीको अनुभवहीनताले त्रासदीको ढोका खोल्छ । 'लाइफ एण्ड टाइम्स अफ माइकल के'ले कुट्सीलाई डेफो, काफ्का, बेकेटजस्तै एक्लोपनका लेखकका रूपमा उभ्याउँछ ।

शान्त स्वभावका अस्तित्ववादी लेखक कुट्सी स्वयम् एकान्त र एक्लोपन रुचाउने लेखक हुन् । मुस्किलैले उनी सञ्चारको सम्पर्कमा आउँछन् । प्रत्यक्ष सम्पर्कभन्दा ईमेलमार्फत् सम्पर्कमा आउन उनी रुचाउँछन् । बुकर पुरस्कार पाउँदा टेलिभिजनमा देखापर्नसमेत उनले अस्वीकार गरेका थिए ।

दक्षिण अफ्रिकामा समानता र स्वतन्त्रताको जब्बर वकालत गर्ने कुट्सी रंगभेद नीतिविरुद्ध आन्दोलनमा पनि उत्रिएका थिए । उनका कृतिमा गोरा जातिको साम्राज्यले दक्षिण अफ्रिकामा सिर्जना गरेको परिस्थिति, दुरुहता र संकट तथा रंगभेदको अन्त्यपछि त्यहाँ विकसित परिस्थितिको मिहिन विश्लेषण पाइन्छ ।

'डिस्ग्रेस' ले व्याख्या गरेको सजाय र बचावटको प्रसंगलाई आलोचकहरूले फ्रान्ज, काफ्का, दोस्तोएब्स्की, स्यामुएल बेकेटको प्रभाव भनेका छन् । कतिपय प्रसंगमा हेमिङ्वे, जोसेफ कानराडको प्रभावसमेत उनका कृतिमा देखिन्छ । आलोचकहरूका अनुसार समकालीन लेखक रबर्ट स्टोन र जोन डिडियनको प्रवृत्ति पनि उनको लेखनमा देखापर्छ ।

कुट्सीको कथानक निरन्तर अघि बढ्न हतारिन्छ तर उनको प्रभावकारी गद्यको सर्वत्र प्रशंसा गरिएको छ । यस वर्षको बुकर पुरस्कार निर्णायक मण्डल सदस्य जोन सुदरल्यान्डले 'द

गार्जियन' मा लेखेका छन्– 'कुट्सीका उपन्यासलाई सबैले असाध्यै प्रशंसा गरेका छन्, खासगरी उनको बेजोड गद्यको ।'

कुट्सीको 'डिस्ग्रेस' दस्तोएब्स्कीको 'क्राइम एन्ड पनिसमेन्ट' सँग अलि नजिक छ । 'क्राइम एन्ड पनिसमेन्ट' मा रादिओन रास्किल्निकोभ नामक युवक एक वृद्धाको हत्या गर्छ । पछि उसलाई अपराधबोधले निकै सताउँछ । प्रेमिकाको सल्लाहअनुरूप प्रायश्चित गर्न ऊ साइबेरियामा निर्वासित जीवन बिताउने निर्णय गर्छ । 'डिस्ग्रेस' की लुसीको सजाय स्वीकार पनि लगभग उस्तै छ । लुसीले आफूमाथिको बलात्कारलाई ऐतिहासिक क्षतिपूर्तिका रूपमा लिएपछि डेभिड असाध्यै विरक्तिन्छन् । लुसीका साथीहरूसँग उनी भन्छन्– 'लुसी र मेरो पुस्ताबीच अपारदर्शी पर्दा खसेको छ । तर, मैले त कहिल्यै याद गरिन कि कहिले यो पर्दा खस्यो ।'

उपन्यासको अन्त्यतिर उनी मिल्यानीका बाबुआमालाई भेट्छन् र मिल्यानीसँग आफ्नो पूर्वसम्बन्धका लागि माफी माग्दै भन्छन्– 'तिम्री छोरी र मबीच जुन घटना भएको थियो, अहिले म त्यसैको सजाय भोगिरहेछु । सायद, आफू बाँचेको समयको अपमान र सजाय ।' तर, लुसीका लागि अपमान त्यो होइन जुन उनका पिता भोगिरहेका हुन्छन् ।

बक्स

## जोन म्याक्सवेल कुट्सी

जन्मः सन् १९४०, केपटाउन, दक्षिण अफ्रिका

मातृभाषाः अंग्रेजी

शिक्षाः विद्यावारिधि (साहित्य)

पेसाः सन् १९६० मा बेलायतमा कम्प्युटर प्रोग्राम निर्माता, अमेरिकामा साहित्य अध्ययन, स्टेट युनिभर्सिटी अफ न्युयोर्कमा साहित्य र अंग्रेजी शिक्षण । सन् १९८४ देखि केपटाउन विश्वविद्यालयमा अंग्रेजी साहित्य शिक्षण र सन् २००२ देखि सिकागो विश्वविद्यालयमा विशेष सेवा प्राध्यापक ।

कृतिहरूः डुस्क्ल्यान्ड्स (१९७४), इन द हार्ट अफ द कन्ट्री (१९७७), वेटिङ फर द बार्बारियन (१९८०), लाइफ एन्ड टाइम्स अफ माइकल के (१९८३), फोई (१९८६), ह्वाइट राइटिङः अन द कल्चर अफ लेटर्स इन साउथ अफ्रिका (१९८८, निबन्ध संग्रह), एज अफ आइरन (१९९०), डबलिङ द प्वाइन्टः एसेज एन्ड इन्टरभ्युज (१९९२), द मास्टर अफ पिटर्सबर्ग (१९९४), गिभिङ अफेन्सः एसेज अन सेन्सरसिप (१९९६), ब्वाईहुड, सिन्स फ्रम प्रोभिन्सियल लाइफ (१९९७), ह्वाट इज रियालिज्म ? (१९९७ निबन्ध), डिस्ग्रेस (१९९९), द लाइभ्स अफ एनिमल (१९९९), द ह्युम्यानिटिज इन अफ्रिका (२००१), स्ट्रेन्जर शोर्स (२००१, निबन्ध), युथ ( २००२), एलिजाबेथ कोस्टेला : ऐट लेसन्स (२००३) ।